# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या:-

च.नं.: -

## खुला कविता प्रतियोगिता सम्बन्धी सूचना

निजामती सेवा दिवस, २०८२ को अवसरमा राष्ट्रसेवक निजामती कर्मचारीहरुवीच खुला कविता प्रतियोगिता आयोजना गरिएको हुँदा इच्छुक कर्मचारीहरुलाई देहायबमोजिमको शर्तमा रही सहभागी हुन आह्वान गरिन्छ।

१. कविताको क्षेत्र: निजामती सेवा दिवसको नारा **"व्यावसायिक र सृजनशील प्रशासनः विकास, समृद्धि र सुशासन"** सँग सम्बन्धित हुनुपर्नेछ।
२. कविता पठाउने ठेगानाः निजामती सेवा दिवस - २०८२, अतिरिक्त क्रियाकलाप उपसमितिको सचिवालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरवार, काठमाडौं।
   इमेल - nijamatisewadiwas2082@gmail.com
३. कविता आइपुग्नुपर्ने समयः मिति २०८२ भाद्र १३ गते शुक्रवार कार्यालय समयभित्र।
४. संघ, प्रदेश र स्थानीय तहमा कार्यरत इच्छुक कर्मचारीहरूले प्रतियोगिताका लागि कविता पठाउन सक्नुहुनेछ ।
५. मौलिक, सृजनात्मक, अन्यत्र कुनै प्रतियोगितामा प्रस्तुत नगरिएको र अप्रकाशित कविता मात्र पठाउनु पर्नेछ।
६. कविता नेपाली भाषामा युनिकोड फन्टमा लेखिएको हुनुपर्नेछ।
७. कवितासाथ आफ्नो पासपोर्ट साइजको फोटो,नाम थर, पद,कर्मचारी संकेत नं., कार्यरत कार्यालय र सम्पर्क नं. संलग्न राख्नुपर्नेछ।
८. छनौटमा परेका उत्कृष्ट २० कविताहरुलाई कार्यक्रममा वाचनका लागि बोलाइनेछ।
९. कविता वाचन कार्यक्रम २०८२ भाद्र १९ गते दिनको १:०० बजे देखि संस्कृति,पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको सभाहल, सिंहदरवार, काठमाडौंमा हुनेछ।
१०. मूल्याङ्कनका आधार निर्णायक मण्डलले निर्धारण गरेबमोजिम हुनेछ।
११. पुरस्कार सम्बन्धी व्यवस्था: उत्कृष्ट तीन र सान्त्वना दुई कविताहरुलाई पुरस्कार र प्रमाणपत्र प्रदान गरिनेछ।

नोटः यस सम्बन्धमा थप जानकारी आवश्यक परेमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका उपसचिव उमेश कुमार राई, ९८४२०३१६५५ मा सम्पर्क गर्न सक्नु हुनेछ।

२०८२/०४/०६

( उमेश कुमार राई )
उपसचिव

टेलिफोन : ४९७१०००, ४९७१००१, ४९७१०२५, ४९७१०१४, पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साईट : http://www.opmcm.gov.np